मिति २०७६।५।३०
४० औं बैठक

आज मिति २०७६।०५।३० गते सोमबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री ~~कृष्ण बहादुर दहाल~~ माणिक कुमार तमाङ | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

## निर्णय नं. १.

यस गाउँपालिका वडा नं. ५ मा रहेको गाउँपालिकालाई हस्तान्तरण गरिएको हिमालयन केयर ह्यान्डस अस्पताल लाई समन्वय तथा व्यवस्थापन गर्न तपसिलको समन्वय तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. रविचन्द्र आचार्य, संयोजक
२. शमशेर घिसिङ, सदस्य
३. माधव बहादुर बस्नेत, सदस्य
४. देवराज खत्री, सदस्य
५. मानकुमारी रिमाल, सदस्य
६. युधिष्ठिर के सी, सदस्य
७. रुपेश चापागाई, सदस्य
८. नविन कुमार खतिवडा, सदस्य
९. नारायण प्रसाद दहाल, सदस्य सचिव

## निर्णय नं.२

गाउँ कार्यपालिकाको ३९ औं बैठक मिति २०७६।०४।२० को निर्णय नं. ४ को निर्णय बाट विष्णु मा.वि गैरीमुदीमा कार्यरत आ.वि शिक्षक कृष्ण बहादुर तामाङलाई कार्यरत विद्यालयमा काज फिर्ता पठाउने निर्णय गरियो ।

## निर्णय नं.३

गाउँपालिकाको सेवा प्रवाह गर्न आवश्यक पर्ने तपसिलका कर्मचारीहरु लिने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिलः**

१. अमिन - १ (सेवा करार) ।
२. चौकीदार- २, (सेवा करार) ।
३. कास - १, वडा नं. ५, २०७६ श्रावण १ बाट (डोर हाजिर) ।
४. अ.न.मी - १, स्वास्थ्य चौकी काव्रे, बर्थिङ्ग सेन्टर वडा नं. ४ (सेवा करार) ।
५. ना.प्रा.स (खरिदारस्तर) - २, पशु भेटनेरी (सेवा करार) ।
६. सहायक कम्प्युटर अपरेटर - १, वडा नं. ८ (डोर हाजिर) ।
७. का.स - १, स्वास्थ्य चौकी मिर्गे बर्थिङ्ग सेन्टर (डोर हाजिर) ।

## निर्णय नं.४

यस गाउँपालिकाका ईन्जीनयिर युधिष्ठीर के. सी को संयोजकत्वमा रहेको समितिले सुपरिवेक्षण निरीक्षण गरी 'घ' वर्गको इजाजत दिन मानसिव देखि सिफारिस गरेको तपशिल अनुसारका व्यवसायिलाई 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. पुतली काठ निर्माण सेवा, वैतेश्वर-२ ।

## निर्णय नं.५

शिक्षक सेवा करार लिने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिकाबाट आ.व २०७६।०७७ मा मा.वि शिक्षक -१, नि.मा.वि शिक्षक -१, प्रा.वि शिक्षक -१ जना गरी जम्मा ३ जना सेवा करारमा लिई विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न भनी गाउँ सभाबाट बजेट विनियोजन भएकोमा शिक्षक राख्न तोकिएको विद्यालयबाट नै शिक्षक आवश्यकताको सूचना प्रकाशन गरी प्रतिष्पर्धाबाट योग्य शिक्षकको छनौट नियुक्ति दिई यस गाउँपालिकामा जानकारी दिने र जानकारी प्राप्त भई कामकाज गरेको मिति देखि तलब भत्ता गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

**शिक्षक सेवा करार लिने विद्यालयहरुः**

१. मा.वि शिक्षक - १ विष्णु मा.वि, गैरीमुदी ।
२. आ.वि शिक्षक - १, विष्णु मा.वि, गैरीमुदी ।
३. प्रा.वि शिक्षक - १, जनसर्वदान प्रा.वि, खानीगाउँ ।

## निर्णय नं.६

वडा दशै को आगमन लाई मध्यनजर गर्दै वषाले विग्रिएका बाटोलाई तत्काल मर्मत गर्नु पर्ने भएकोले तपसिलको सडकलाई स्तरोन्ती गर्ने निर्णय गरियो ।

**तपसिलः**

१.नाम्दु मार्बु क्षेत्रपा सडक मर्मत खर्च रु ३ लाख ।
२. बुस्ती पुतलीकाठ मिर्गे सडक मर्मत खर्च रु ३ लाख ।
३. गोपी खोला गैरीमुदी जोरमाने सडक मर्मत खर्च रु ३ लाख तिन
४. फेदी तोरीडाँडा सडक मर्मत खर्च रु १ लाख ।
उक्त कार्य गर्न को लागि अन्य सार्वजनिक निर्माण बजेट शिर्षक बाट खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नं.७

वैतेश्वर - ५ मैनापोखरी स्थित हिमालयन केयर ह्यान्डस अस्पतालको नामको ५.१७ रोपनी जग्गा र अस्पताल भवन र ई-लाईब्रेरी भवन २०७६ भाद्र २६ गते वैतेश्वर गाउँपालिकाका नाममा दानपत्र जग्गा धनि प्रमाण पुर्जा हस्तान्तरण गरि स्वामित्व हस्तान्तरण गरेकोले पालिकाबाट गाउँपालिकास्तरीय अस्पताल संचालन गर्न आर्थिक समस्या भएकोले अस्पताल कर्मचारी आवास भवन र १५ शैयाको भवनको आवश्यक भएकोले प्रदेश नं. ३ सामाजिक विकास मन्त्रालयमा अनुदान उपलब्ध गराई दिन र स्वास्थ्य कर्मचारी एवं प्राविधिक दरबन्दी उपलब्ध गराईदिन संघीय सरकार समक्ष सिफारिस गरिदिन माग गर्ने निर्णय गरियो ।

## निर्णय नं.८

आ.व २०७६।०७७ को वार्षिक बजेटमा वाल उद्यान तथा पिकनिक पार्क सामुदायिक वन वैतेश्वर वडा नं. २ थुम्की सल्लेरीमा निमार्ण गर्ने कार्यक्रम रहेकोमा, थुम्की सल्लेरी सामुदायिक वनले उक्त

कार्यमा १५।१५ लाख को साझेदारी लगानी गरी उक्त कार्य गर्ने प्रस्तावलाई सर्व सहमतिबाट पारित गरियो ।

**निर्णय नं.९**

वैतेश्वर गाउँपालिका वडा नं. ५ र ६ स्थित लामोसाघुँ जिरी सडकको निर्माण विस्तारको कार्य भैरहेको अवस्थामा बजार क्षेत्र मैनापोखरी बजार र नाम्दु बजारमा दुवै तर्फ ढल तथा फुटपाथ सहित निर्माण गरिदिन डिभिजन सडक चरिकोट एवं निर्माण कम्पनी Wood Hill Lama JV लाई अनुरोध गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

वैतेश्वर गाउँपालिका वडा नं. ८ क्षेत्रपामा दलित र जनजाति समुदायको बसोबास भएको र हाल सम्म स्वास्थ्य सेवा प्राप्त गर्न ज्यादै समस्या भएकोले उक्त स्वास्थ्य चौकी भवन निर्माण गर्न आवश्यक पर्ने रकम उपलब्ध गराईदिन प्रदेश नं. ३ सामाजिक विकास मन्त्रालय हेटौडामा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

अभिभावक कक्षा सञ्चालन कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।